जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४०   अंक ११   २०७८ साल असोज २४ गते आइतवार (10 Oct. 2021 Sunday)   मूल्य रु. ७/-

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : चाडपर्वलाई ध्यानमा ... पृष्ठ ३ मा : कोभिड महामारीमा सामाजिक ... पृष्ठ ५ मा : शारिरीक असक्त बौवालाललाई ... पृष्ठ ५ मा : साउदी विमानस्थलमा ड्रोन...

# संविधानमा व्यापक तृटी : अध्यक्ष ठाकुर



**राजविराज**/लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले संविधानमा व्यापक तृटी रहेकोले त्यसलाई संशोधन गरि मधेशी, दलित, मुश्लिम, आदिवासी, जनजाती, सिमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्नु पर्ने बताएका छन्।

राजविराजमा सोमवार लोसपा सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले मुलुकको वर्तमान संविधान अहिले पनि कठोर रहेको भन्दै संविधानका कतिपय धारा समेत प्रष्ट नरहेको उल्लेख गरे। उनले ती समस्यालाई सच्याएर अघि बढनु पर्ने आवश्यक रहेकोले संविधान संशोधन गरी अघि बढ्नु पर्नेको विकल्प नरहेको समेत बताए।

यस्तै पत्रकार सम्मेलनमा पार्टीका बरिष्ठ नेता राजेन्द्र महतोले आउँदो निर्वाचनमा जसपासँग चुनावी तालमेलको सम्भावना न्युन रहेको भन्दै तालमेल हुने वा नहुने कुरा समयपरिस्थितिले देखाउने बताए।

मधेशको माग पुरा गर्न बलियो परिवर्तनकारी शक्ति निर्माण गरी जनता समाजवादी पार्टी बनाएकोमा उपेन्द्र यादवले खण्डित गरीदिएको उनको आरोप थियो।

मुलुकमा काँग्रेस र कम्युनिष्ट जस्ता ठूला पार्टी कुर्सीकै लागी मरिहत्ते गर्ने तिर लागेका कारण मुलुकको अवस्था विग्रीदै गएको टिप्पणी गरे। मधेशी जनतामाथी गोली चलाउदै एकतर्फीरुपमा जारी गरिएको वर्तमान संविधानले संशोधन नभएसम्म राजनीति समस्याको समाधान दिन नसक्ने उनको दावी थियो।

यसअघि गत आइतबार राजबिराजमा आयोजित सम्मान

*बाँकी पाँच पृष्ठमा*

# जनमतद्वारा मुख्यमन्त्रीको राजिनामा माग




**राजविराज**/बढ्दै गएको भ्रष्टाचार बिरुद्ध जनमत पार्टीले शुक्रबार राजविराजमा खबरदारी जुलुस प्रदर्शन गरेको छ।

सो प्रदर्शनका क्रममा प्रदेश

*बाँकी पाँच पृष्ठमा*

## मंगलमय शुभकामना

हिन्दहरुको महान चाड वडा दशैं, दिपावली तथा छठ पर्व २०७८ को शुभ उपलक्ष्यमा सम्पूर्ण ग्राहक, पाठक, शुभचिन्तक एवं बिज्ञापनदाताहरुमा सुस्वास्थ्य एवं दिर्घायुको मंगलमय शुभकामना व्यक्त गर्दछौं।



नवीन साप्ताहिक
परिवार

## हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**माँगिलाल नाई**
अध्यक्ष
राजविराज ७, सप्तरी

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**जयनारायण मण्डल**
अध्यक्ष
राजविराज ८, सप्तरी

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**शम्भु प्रसाद यादव (लाली)**
अध्यक्ष
राजविराज ९, मलेठ, सप्तरी

## सम्पादकीय

# हैसियत भन्दा माथी उठेर खर्च नगरौं

हिन्दूहरुको महान पर्व वडा दशैंमा धेरैजसो श्रद्धालुहरुले आफ्नो आर्थिक हैसियतभन्दा माथि उठेर पर्व मनाउने गर्दछन् । महगो मुल्यमा खसी बोका खरीद गरेर बलि दिने प्रचनलनले झन आर्थिक भार बढाएको छ । मीठो खाने र नयाँ लगाउने पर्वका रुपमा दशैंलाई लिएर आफ्नो आर्थिक हैसियतभन्दा बढी खर्च गर्ने परम्परा बन्दै गएको छ । यसले गरीब नेपाली जनता झनै मारमा पर्दै गएका छन् । गरीब जनताले जेनतेन ऋण काढेर भए पनि दशैं मान्नुपर्ने बाध्यता छ ।

घटस्थापनाकै दिन जमरा छर्की देवीलाई आव्हान गरेर फलफूल, नैवेद्य, मिठाई चढाएर सात्विक पूजा गरिन्छ । राजसी पूजामा पशुबलि चढाईन्छ र तामसी पूजामा रक्सी र बलि दुवै चढाइन्छ । दशैंमा पशुबली होइन स्मार्तको बली प्रदान गरेर पूजा गर्ने बानी बसालौं । घिरौला, कु भिन्डो, लौका, नरीवल, बेल र उखुको प्रयोग गरी स्मार्त बलिद्वारा दशैंघर दैलोमा हुल्ने प्रणको आवश्यकता छ । विविध धार्मिक कार्यमा पितृ र देवताले प्राप्त गरुन भनेर फल, पकवान, मिष्ठान र वस्त्र चढाउने चलन छ । त्यसलाई पनि बलि भनिन्छ । शक्ति संगमतन्त्रे ग्रन्थमा पशु बलिको सट्टा अर्पण गरिने फलफूल र पकवानको उल्लेख छ ।

तसर्थ दशैंमा पशु बलिलाई छोड्दै जाने हो भने एकातिर अहिंसाको बाटो पनि पछ्याइन्छ भने अर्कोतर्फ नेपाली जनतामाथिको आर्थिक भार समेत कम हुँदै जान्छ । पूजालाई श्रद्धाका साथ मनाऔं, तामझाम गरेर देखावटी पूजाको अन्त्य गरीनु आवश्यक छ । यसले देशलाई समेत आर्थिक रुपमा समृद्ध बनाउन भूमिका खेल्ने छ ।

# चाडपर्वलाई ध्यानमा राख्दै धर्ना स्थगित




**राजविराज**/सरकारले तोके बमोजिमको तलब, सुविधा पाउनु पर्ने माग राखि विगत ९ दिनदेखी राजविराज नगरपालिका कार्यालय प्राङ्गणमा धर्नामा बस्दै आएका महिला बाल शिक्षक, बाल विकास सशयोगि तथा विद्यालयका कर्मचारीले बिहीबार धर्ना कार्यक्रम स्थगित गर्दै आन्दोलनका नयाँ कार्यक्रम सार्वजनिक गरेका छन् ।

चाडपर्वका समय भएकाले आन्दोलनको स्वरुप परिवर्तन गरि नयाँ कार्यक्रम ल्याइएको संघर्ष समितीले बिहीबारे एक प्रेस विज्ञप्तिमार्फत जानकारी गराएको छ । संघर्ष समितिकी सदस्य सचिव बिभा झाका अनुसार परिवर्तित आन्दोलन कार्यक्रम अन्तरगत असोज २२ गते मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृतलाई एसएमएस मार्फत माग बारे स्मरण गराउने र असोज २३ गते फेसबुकमार्फत, हाम्रो आन्दोलन जारि छ, लेखिएको नारा पोष्ट गर्ने कार्यक्रम तय भएको छ ।

यस्तै असोज २४ गते राजविराज नगरपालिकाका सबै १६ वटै वडा अध्यक्षलाई एसएमएसमार्फत आफ्ना मागहरु बारे ध्यानार्षण गराउने र असोज २६ गते नेपाल शिक्षक महासंघको अगुवाईमा फेसबुकमार्फत मागहरु बारे सार्वजनिकीकरण गर्ने कार्यक्रम तय भएको छ ।

यसअवधीमा पनि माग पुरा नगरिए मंसिर ४ गते नेपाल शिक्षक महासंघको अगुवाईमा तेश्रो चरणका आन्दोलनका नयाँ कार्यक्रम घोषणा गरिने संघर्ष समितिद्वारा जारि विज्ञप्तिमा उल्लेख गरिएको छ ।

प्रथम चरणमा सरोकारवालालाई ज्ञापनपत्र बुझाउने र दोश्रो चरणमा धर्ना कार्यक्रम सम्पन्न गरेका उनीहरुले पहिलादेखी पाइरहेको ६ हजार, सरकारबाट थप गरिएको २ हजार तथा सम्बन्धीत स्थानिय तहबाट पाउनु पर्ने ७ हजार गरि १५ हजार तलब नदिएसम्म विभिन्न स्वरुपमा आन्दोलन जारि राख्ने घोषणा समेत गरेका छन् ।

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण विद्यार्थी, अभिभावक, शुभचिन्तक एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



शम्भु प्रसाद यादव
प्रमुख, राजविराज नगरपालिका

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण विद्यार्थी, अभिभावक, शुभचिन्तक एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



सतिशकुमार सिंह
अध्यक्ष, तिलाठी कोइलाडी गाउँपालिका

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोभिड महामारीमा सामाजिक संजालको भूमिका



भरत गौतम

विश्वमा देखिएका प्लेग, सार्स, इबोला जस्ता रोगहरुको प्रकोपले महामारीको रुप लिएको थियो । एक क्षेत्रबाट अर्को क्षेत्रमा सहजै सर्ने वा बिस्फोटको रुपमा देखिइ आम मानिसको जीवन अस्वस्थ भइ मृत्यूदर बढ्दै जाने स्थितिलाई महामारी भन्ने गरिएको छ । नागरिकको जनजीवनमा अप्ठारो अवस्थाको अनुभूति हुनु, जन धनको क्षति हुनु र नियन्त्रण गर्न वा व्यवस्थापनमा कठिनाइ आउनु महामारीको संकेत हो। यस्तो स्थितिमा नागरिकहरुको स्वास्थ्यमा असहजता आई स्वास्थ्य व्यवस्थापन गर्न कठिनाइ हुने र स्वास्थ संकटको अवस्था पनि आउन सक्छ। महामारीले धेरै क्षेत्रलाई असर पारी जनजीवनमा काबू बाहिरको अवस्था सामना गर्नु पर्ने परिस्थिति सृजना हुन सक्छ । यस्तो विषम परिस्तिथिमा मानिसको जनजीवनमा डर, त्रास र भय सृजना भइ नागरिकमा मनोवैज्ञानिक असरहरु देखिन सक्छ । माहामारी काबू बाहिरको अवस्था आएमा स्वास्थ्य संकटकाल लगाई परिस्तिथिलाई नियन्त्रणमा लिनु पर्ने पनि हुन सक्छ ।

हाल विश्व समूदायले कोभिडको महामारीलाई सामना गरिरहेको छ । प्राय सबै मुलूकहरु कोभिडको महामारीसँग जुधिरहेका छन् । केही राष्ट्रले कोभिडको महामारी आउने अवस्थासँग सर्तक हुने रणनीति तय गरी कोभिड महामारीलाई नियन्त्रण गर्न सफल भएको अवस्था पनि छ । कुशल शासन प्रणाली नभएका, स्रोत र साधन न्यून भएका तथा नागरिक सबल हुन नसकेका मुलूकहरु कोभिडको असरबाट आक्रान्त छन् । जिम्मेवारी बोध गर्ने राजनीति प्रणालीको अभाव, बिपद् व्यवस्थापन गर्ने सीपको कमी, नागरिक सचेतनाको कमी र कोभिडविरुद्धको खोपको अभावका कारण कोभिड महामारीको बढ्दो अवस्था रहेकोमा हाल खोपको प्रभावकारीता वा अन्य कारणले कोभिडको असर घट्दो वेभमा रहेको देखिएको छ ।

नेपालको संविधानमा सूचनाको हक र स्वास्थ्य सम्बन्धि हकलाई मौलिक हक रुपमा राखिएको छ । महामारी रोक्न संक्रामक रोग नियन्त्रण ऐन कार्यान्वयनमा छ । केन्द्रीय तहमा केन्द्रीय व्यवस्थापन समिति र जिल्लामा जिल्ला कोभिड व्यवस्थापन समितिको व्यवस्था गरि कोभिड नियन्त्रणमा जोड दिइएको छ । कोभिड नियन्त्रण गर्न विभिन्न नीति र कार्यविधी बनाइ लागू गरिको छ । विभिन्न शासकीय अंगहरु कोभिडविरुद्ध एक जूट भइ लागेका छन् ।

महामारीमा नागरिकलाई सूसुचित गर्न सूचना र संचारको ठूलो भूमिका रहन्छ । आम नागरिकलाई महामारीविरुद्ध सर्तक राख्नु, स्वास्थ मापदण्डको पालना गराउनु, महामारीविरुद्ध सहयोग र सद्भाव राख्ने, नागरिकलाइ सकारात्मक सूचना र संदेश प्रवाह गरी सचेत बनाउनु, शासन नागरिक मैत्री गराउन शंखघोषको भूमिका निर्वाह गर्ने र सबै क्षेत्रलाई महामारीमा सतर्क भइ सकारात्मक वातावरण बनाउन संचार क्षेत्रले आफ्नो दायित्व निर्वाह गर्नु पर्दछ । महामारीमा सही सूचना र संदेशप्रवाह गरी नागरिक सशक्तिकरण गर्ने जस्ता कामहरु संचार गर्नु संचार क्षेत्रको दायीत्व पनि हो । यस्तो अवस्थामा संचार क्षेत्रले महामारीविरुद्ध होसियारी र सर्तक गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ ।

आम संचारक्षेत्रमा सामाजिक संजालको महत्वपूर्ण भूमिका रहेको छ । सामाजिक संजाल महत्वपूर्ण सूचना र संदेशलाई प्राप्त गर्न, प्रतिक्रिया दिने र अरुलाई सूचना प्रवाह गर्ने उपयुक्त माध्यम पनि हो । आधुनिक सूचना र संचारको क्षेत्रमा समाजिक संजालले सूचना र सन्देशलाई सबैको पहुँचमा पुर्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

संचार क्षेत्रमा सामाजिक संजालले धेरै सकारात्मक प्रभाव पारेको छ । समाजिक संजालका विभिन्न रुप भएता पनि बढी प्रयोग हुने युट्युब, ह्वाट्सएप, फेसबुक, टुइटर, इन्स्टाग्राम, टिकटक रहेको पाइन्छ । यी समाजिक संजालबाट सूचना र सन्देशहरु पोष्ट गर्ने, सूचनाहरु तुरुन्त पाउने, प्रतिक्रिया दिन सकिने, आफ्नो संजालमा सूचना र सन्देश सेयर गर्न सकिने सुविधाहरु हुन्छन् । सूचना र सन्देशहरुको भरपुर उपयोग गरी सूचनाबाट अधिक फाइदा लिन सकिन्छ । कोभिडको माहामारीमा सामाजिक संजाल सूचना र सन्देश प्रवाह गर्ने प्रभावकारी माध्यम पनि हो । मानिसको जमघटलाई निरुत्साहित गरी महामारीविरुद्धका सूचना प्रवाहबाट आम नागरिकलाई सूसुचित गर्न सकिन्छ । कोभिड प्रभावितलाई सामाजिक संजाल मनोरन्जनको साधनको रुपमा उपयोग गरी फाइदा लिन मद्दत पुग्छ ।

विश्वमा देखिएको कोभिड महामारीले मानिसको निकटताको बदला दुरता र एक्लोपनलाई प्रेरित गरेको हुँदा यस्तो अवस्थामा समाजिक संजालको सदुपयोगले एक्लोपनाको साथी भइ कोभिडको संक्रमण बढ्न नदिन जोड दिएको छ । कोभिडको महामारीविरुद्धका असल अभ्यासका सूचना र संदेशहरु तुरुन्तै हेर्न सकिने र अरुलाई पठाउन सकिने हुँदा महामारीविरुद्ध प्रतिकार्य गर्न तथा मानिसको आनीबानीमा सुधार गर्न मद्दत गरेको अनुभूति भएको छ । कोभिडका बारेमा आएका तथ्यपूर्ण सूचना र संदेशले कोभिडका विरुद्ध मनोवल बढाएको छ र स्वास्थ्य सर्तकता अपनाउन प्रेरित गरेको छ । अस्वस्थ अवस्थामा रोमान्टिक वातावरण बनाइ तनाव मुक्त राख्न समाजिक संजाल अचुक अस्त्रको रुपमा लिइएको पाइन्छ । विश्व समूदायमा कोभिडविरुद्धका ताजा खबरहरु सुन्न र देख्न समाजिक संजाल उपयुक्त साधन भएको छ । बिरामी अवस्थामा औषधि प्रयोग गर्ने, के खान हुने र नहुने, बिरामी अवस्थामा पालना गर्नु पर्ने बिषय जस्ता सूचना प्राप्त गर्न सामाजिक संजालले सहयोग पुर्याएको छ ।

सामाजिक संजालले विकृतिहरु फैलाएको आरोपहरु धेरै छन् । कोभिड महामारीमा नकारात्मक सूचना र संदेश प्रवाह गरी मानिसमा तनाव फैलाएको, गलत सूचना र संदेश प्रवाह गरेको, महामारीको अफाह फैलाएको जस्ता आरोपहरु छन् । यस्तो अवस्था सामाजिक संजालको नियमनको कमजोरीका कारण भएको हो भन्ने आरोप छ । नियमन गर्न कानूनको अभाव, नागरिकको न्यून जिम्मेबारी बोध, दण्ड र सजायको अवस्था कमजोर आदि कारणले सामाजिक संजालको फाइदा लिन नसकेको अवस्था एकातिर छ भने अर्कोतिर मानिसहरु नकारात्मक सूचना र संदेशमा भुल्न थालेको अनूभूति पनि भएको छ । समाजिक संजालको समाचार र सूचनाका बिषयमा आधिकारिताको प्रश्न उठेको छ । सामाजिक संजाललाई दुरुपयोग गरी आफ्नो स्वार्थ पूर्ति गर्ने कामहरु पनि भएका छन् । गलत समाचार, सूचना र संदेशले गर्दा सामाजिक विकृतिको अखडा सामाजिक संजाल भएको आरोप छ । कोभिड जस्तो महामारीमा मानिसका दुखमा सहयोग र सद्भाव बढाउनु पर्नेमा झन्

*बाँकी चार पृष्ठमा*




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



चन्द्रशेखर चौधरी
अध्यक्ष
राजविराज १, सप्तरी

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



समिर झा
अध्यक्ष
राजविराज ५, सप्तरी

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



प्रेमकुमार यादव
अध्यक्ष
राजविराज ६, सप्तरी

हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

## कोभिड महामारीमा ...

पिडाबोध गर्नु परेकोले सामाजिक संजालको महत्व घड्दै जाने अवस्था पनि हुन सक्छ ।

कोभिड महामारीमा सामाजिक संजालबाट कसरी फाइदा लिने भन्ने विषय महत्वपूर्ण छ । शासन संचालनमा महामारीको बेला महत्वपूर्ण सूचना प्राप्त गर्ने, महामारी नियन्त्रण गर्न उपयुक्त योजना, रणनीति तय गर्ने, स्रोत र साधनको उपयुक्त व्यबस्थापन गर्ने, विश्वमा भएका सफल अभ्यासहरुको अनुकरण गर्ने, नागरिक जागरण ल्याउने, कोभिडविरुद्धका नयाँ खोज र अनुसंधानका बारेमा जानकारी राख्ने जस्ता विषयहरुमा सामाजिक संजालबाट सहयोग लिन सकिन्छ । स्वास्थ्य क्षेत्रको आफ्नो संजालमा तुरुन्त सूचना पुर्याउन र प्राप्त गर्न भरपर्दो माध्यम समाजिक संजाल हुन सक्छ । यी सबै कोभिड माहामारीविरुद्धका कुशल व्यवस्थापनका अस्त्र हुन । आमनागरिकले आफूलाई सबल बनाउन सामाजिक संजालका सूचना र संदेशहरुबाट राम्रा कुराहरु ग्रहण गर्ने र आनीबानीमा सुधार गरी कोभिड महामारीबाट जोगिने विषयमा सक्रियता देखाउनु पर्दछ । एक आपसमा सहयोग र सद्भावले मानवताको दु:ख र मर्मलाई कम गर्ने हुदाँ ती विषयमा समाजिक संजाललाई उपयोग गरी आपसी सहयोग बढाउन जोड दिनु पर्छ । महामारीमा प्रभावित बिरामीले सामाजिक संजालका सूचना र संदेशबाट स्वास्थ पीडा कम गर्ने स्रोतका रुपमा लिई सोही अनुसार आफूलाई सक्रिय बनाउनु आवश्यक छ । सामजिक संजालका नकारात्मक सूचना र संदेशबाट टाढा रही बिरामीले आफ्नो आत्मबल ह्रास गराउने काम गर्नु हँदैन ।

स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुले कोभिड महामारीको जोखिमलाई कम गर्न एवं स्वास्थ्य संस्था र नागरिक बिचको असल सम्बन्ध कायम गर्न उपयुक्त सूचना र संदेशलाई ग्रहण गरी काम गर्ने तौर तरिकामा सुधार गर्दा राम्रो परिणाम आउन सक्छ । विश्वका स्वास्थ्य संस्थाहरुले कोभिडविरुद्ध गरेका असल अभ्यासहरुको सामाजिक संजालमा खोजि गर्ने र असल कामको बिरामी उपचारमा अनुकरण गर्नु गराउनु पर्दछ । स्वास्थ्य सम्बन्धी भेटिएका राम्रा र अनुकरणीय कामको अरुलाई उपयोग गर्न सूचनाका रुपमा समाजिक संजालमा पठाउनु बनी बसाउनु पर्छ ।

कोभिड महामारी एउटा आपत कालीन अवस्था हो । यस्तो स्थितिमा तनाबले गर्दा कोभिड महामारी व्यवस्थापन शीपमा कमि कमजोरीहरु देखिन सक्छन् । आफ्नो शीप र क्षमताले काम गर्दा अपुरो र पर्याप्तता हुन सक्छ त्यसैले अरुले गरेका सफल अभ्यासहरुको अनुकरण गरी आफूलाइ सक्षम रयोग्य बनाइ सेवा गर्दा अधिक सन्तुष्टी प्राप्त हुन्छ ।

कोभिड महामारीको दोस्रो लहर पछि तस्रो लहर आउने अनुमान गरिएको छ । तेस्रो लहर झन् कठिन हुने अनुमान छ । यस्तो स्थितिमा कसरी सुरक्षित हुने विषयमा सूचनाहरुको आवश्यकता पर्दछ । ती सुचनाहरु समाजिक संजालबाट प्राप्त हुन सक्छन् । कोभिडको तेस्रो र चौथो लहरको जोखिम कम गर्न आजबाटै होसियारी अपनाउन समाजिक संजालको भरपूर उपयोग गर्न सकिन्छ । कोभिडको नयाँ भेरिन्ट आउन सक्ने र उक्त भेरिन्टका बारेमा थप जानकारी समाजिक संजालबाट लिन सकिन्छ । कोभिडको आउने लहरमा हुन सक्ने संक्रमण र त्यसको प्रतिकार्यका लागि संस्थागत र व्यक्तिगत सचेतता अपनाउन तथा राम्रो तयारी गर्न समाजिक संजालबाट सहयोग लिन सकिन्छ ।

कोभिडको वेभ कम भएता पनि यसको जोखिम कम गर्न सकिएको छैन । कोभिडविरुद्ध वास्तबिक सूचनाहरुसँग मानव समूदाय नजिक रहनु पर्दछ । समाजिक संजाल असल अभ्यास ग्रहण गर्ने माध्यम हुन सक्ने हुँदा यसको उपयोग बढाइ कोभिडको विपद् जोखिम न्यूनिकरण गर्न जोड दिन तत्पर हुन आवश्यक छ । आमनागरिकले पनि कोभिड महामारी जस्तो असहज परिस्थितिलाई सहज स्थितिमा ल्याउन सामाजिक संजालका राम्रा संदेश र सूचनालाइ ग्रहण गरी आफूलाई सबल बनाउन जोड दिनु पर्दछ । स्वास्थ्य खबरबाट





छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : कंचनरुप नगर कार्यपालिकाको कार्यालय सप्तरी




राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# शारिरीक असक्त बौवालाललाई घरमै नागरिकता प्रदान



**राजविराज**/जिल्ला प्रशासन कार्यालय सप्तरीले शारिरीक रुपमा अशक्त एक व्यक्तिलाई घरमै पुगेर नागरिकताको प्रमाण पत्र प्रदान गरेको छ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुर निवासी अपाङ्ग भई हिडडुल गर्न नसक्ने ६८ वर्षिय बौवालाल गुरमैताको घरमै पुगेर नागरिकता प्रदान गरेको हो।

नागरिकता नभएका कारण सरकारबाट पाउने सबै सुविधाबाट बञ्चित भएको जनगणनामा खटिएका सुपरिवेक्षक संदिप कर्णले जानकारी गराएपछि प्रमुख जिल्ला अधिकारी जर्नादन गौतम, सहायक प्रमुख जिल्ला अधिकारी नाथु साह, इलाका प्रहरी कार्यालय कंचनपुरका प्रमुख दिनेश कुमार कार्की, हनुमाननगर कंकालीनी नगरपालिकाका प्रमुख शैलेश साह तथा संचारकर्मीको टोली उनको घर पुगेको थियो।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले सरकारबाट पाउने सुविधाका लागी नागरिकता आवश्यक रहेको र अपांग भएकै कारण जिल्ला प्रशासन कार्यालयसम्म पुग्न नसकेको जानकारी आएपछि घरमै पुगेर नागरिकता प्रदान गरिएको बताए।

सो अवसरमा मेयर साहले गुरमैतालाई एक थान ह्वीलचेयर प्रदान गर्ने र एक साता भित्रै अपाङ्ग परिचय पत्र बनाई सरकारबाट पाउने सेवा सुविधा उपलब्ध गराउने प्रतिबद्धता ब्यक्त गरे।

## अपाङ्ग संघ एकजुट हुनुपर्छ : महासचिव बस्नेत

**राजबिराज**/सगरमाथा अपांग कल्याण, समाबेशी अपांग, बौद्विक अपांगसहितका ७ वटा संस्थाहरूद्वारा वडा दशैंको अवसरमा शनिबार शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ।

आयोजित कार्यक्रममा राष्ट्रिय अपांग महासंघका केन्द्रिय महासचिव राजु बस्नेतले अपांगताहरूको सवालमा सबै अपांगता भएका संघ संगठनहरू एकजुट हुनुपर्नेको विकल्प नरहेको बताए।

उनले राष्ट्रिय जनगणनामा अपांगता भएका कुनै ब्यक्ती नछुटने गरी सबैलाई आ-आफ्नो ठाउवाट सहभागी हुन आग्रह समेत गरे।

समाबेशी अपांग संघ सप्तरीका अध्यक्ष सतिशचन्द्र झाको अध्यक्षतामा आयोजित कार्यक्रममा बौद्विकता अभिभावक अपांग संघका अध्यक्ष जगदिश अर्याल, अपांग पुर्णस्थापन केन्द्रका अध्यक्ष शिव प्रसाद यादब, सगरमाथा अपांग कल्याण संघका उपाध्यक्ष उमेश कुमार चौधरी, सप्तरी दृष्टिबिहिन अपांगका अध्यक्ष चन्द्रशेखर झा, रामचन्द्र यादब लगायतले अपांगता भएका ब्यक्तीहरूको पहुँच र दिगो बिकासका लागी सबै एकजुट हुनुपर्नेमा जोड दिएका थिए।

## लोसपाका नेता लेखी एमालेमा प्रवशे

**काठमाडौं**/लोकतान्त्रिक समाजवादी पार्टी नेपालको सम्पूर्ण पदबाट राजिनामा दिएका नेता

*बाँकी अन्तिम पृष्ठमा*

### *जनमतद्वारा ...*

२ का मुख्यमन्त्री लालबाबु राउतको राजिनामा समेत माग गरिएको छ।

प्रदर्शनकारीहरुले प्रदेश २ सरकारले छात्राहरुलाई बितरण गरेको साइकल खरीदमा भ्रष्टाचार भएको भन्दै मुख्यमन्त्री लालबाबु राउतबिरुद्ध चर्को नाराबाजी गर्दै उनको राजिनामा माग गरे।

पार्टीका जिल्ला सचिव थानेश्वर साहले प्रदेश सरकारदेखी जिल्लाका विभिन्न सरकारी कार्यालय र स्थानिय तहहरुमा ब्यापक भ्रष्टाचार भएको भन्दै यसका बिरुद्ध खबरदारी गर्नुपरेको बताए। बाटोघाटो भत्केर जनतालाई सास्ती भइरहेपनि विकासको नाउँमा ठूलो रकम खर्च देखाएर भ्रष्टचार गरेका कारण आफूहरु बिरोधमा उत्रनु परेको उनको भनाई छ।

सेवाग्राहीको बढी भिडभाड रहने मालपोत, राजविराज नगरपालिका लगायतको सरकारी कार्यालय अगाडी समेत उनीहरुले भ्रष्टाचार बिरुद्ध खबरदारीसहित नाराबाजी गरेका थिए।

### *संविधानमा व्यापक ...*

कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले अन्तरिम संविधानले दिएको अधिकार समेत कटौती गरेकाले संविधान संशोधन गर्नुपर्ने अडान आफ्नो पार्टीको अहिले पनि रहेको स्पष्ट पारेका थिए।

सो कार्यक्रममा लोसपाका बरिष्ठ नेता राजेन्द्र महतोले सबै वर्गको अधिकारका लागि अन्तिम आन्दोलनको आबश्यता रहेको औंल्याउँदै मधेशमुक्ती आन्दोलनका लागि राष्ट्रमुक्ती आन्दोलन समेत आवश्यक रहेको जिकिर गरे।

यस्तै कार्यक्रममा अर्का वरिष्ठ नेता शरतसिंह भण्डारीले मलेठ घटनाले एक बनाएको पार्टी एकता भएको एक बर्ष नपुग्दै टुट्नु दुर्भाग्यो भएको बताए। उनले संविधान संशोधन हुन आवश्यक रहेको बताउँदै सबै वर्गको पीडाको लागि संघर्ष गर्नु आवश्यक रहेको उल्लेख गरे।

कार्यक्रममा प्रदेश २ का पार्टीका संसदीय दलका नेता जितेन्द्र सोनल, राष्ट्रिय सभा सदस्य शेखर कुमार सिंह, प्रदेश सभा सदस्य रानीशर्मा तिवारी, नेतृ पुष्पा ठाकुर लगायतले मन्तव्य राखेका थिए।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३


# अन्तर्राष्ट्रिय समाचार

## साउदी विमानस्थलमा ड्रोन हमलामा १० जना घाइते

**रियाद**/साउदी शहर जेद्दाहको नागरिक विमानस्थलमा ड्रोन हमलामा १० जना घाइते भएका छन्। यमनको इरान समर्थित हुथी विद्रोहीलाई उक्त घटनाको दोषी ठहराइएको छ।

साउदी समाचार एजेन्सी एसपीएले यमन सरकारको साथमा लडिरहेको साउदी नेतृत्वको गठबन्धनले शुक्रबार भएको आक्रमणमा घाइते हुनेहरूमा यात्रु र विमानस्थलका कर्मचारीहरु रहेको बताइएको छ। गठबन्धनका प्रवक्ता तुर्की अल-माल्कीका अनुसार बम प्रयोग गरिएको ड्रोन आक्रमणको पछाडि इरान समर्थित हुथी मिलिशिया को हात रहेको छ।

यमनको सीमाबाट करिब ६० किलोमिटर जाजानको किंग अब्दुल्लाह एयरपोर्टमा भएको आक्रमणले केही भौतिक क्षति पुर्याएको जनाइएको छ। शिया हुथीहरूले साउदी अरेबियामा पछिल्ला दिनहरूमा हमला बढाएका छन्। एजेन्सी

## युएनडीपीद्वारा अंगोलालाई ३ मिलियन अमेरिकी डलर अनुदान

**लुआण्डा**/संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले शुक्रबार अंगोलासँग तीन मिलियन अमेरिकी डलर प्रदान गर्ने सम्बन्धी एक सम्झौतामा हस्ताक्षर गरेको छ।

युएनडीपी आवासीय प्रतिनिधि एडो स्टोर्क सँग हस्ताक्षर समारोहमा सहभागी हुँदै अंगोलाका अर्थव्यवस्था र योजना मन्त्री मारियो क्याटानो जोआले उक्त सम्झौताले अनौपचारिक अर्थव्यवस्थालाई पुनर्संरचना कार्यक्रम को दायरा भित्र ल्याउँन सहयोग पुर्याउँने बताएका छन्।

अनौपचारिक अर्थतन्त्रमा यस्ता गतिविधिहरु हुन्छन् जसको बजार मूल्य हुन्छ तर औपचारिक रूपमा दर्ता वा नियमन हुँदैन। यो सामान्यतया विकासशील देशहरूमा अर्थव्यवस्थाको एक महत्त्वपूर्ण हिस्साको रूपमा रहेको हुन्छ। एजेन्सी

## कङ्गोमा डुङ्गा दुर्घटनामा परी १०० भन्दा बढीको मृत्यु

**किन्सासा**/डेमोक्रेटिक रिपब्लिक अफ कङ्गोमा डुङ्गा दुर्घटनामा परी १०० भन्दाबढी मानिसहरूको मृत्यु भएको वा बेपत्ता भएको अधिकारीहरूले शनिबार बताएका छन्।

कङ्गोमा भइरहने सामुद्रिक दुर्घटनाको यो पछिल्लो शृङ्खला थियो। यहाँका मानिसहरू देशकै ठूलो कङ्गो नदीमा असुरक्षित यात्रा गर्न बाध्य छन्। उत्तर पश्चिमी प्रान्त मोंगलाका गभर्नरका प्रवक्ता नेस्टर मग्बाडोले एएफपीलाई जनाएअनुसार सोमबारदेखि मङ्गलबार रातिसम्म उक्त दुर्घटनामा हराइरहेका ६१ जानको शव निकालिएको छ भने अन्य ६० जना अझै बेपत्ता रहेको विश्वास गरिएको छ। उक्त दुर्र्घटनामा ३९ जना यात्रुहरू भने जीवित रहेका छन्।

यात्रुको यकिन सङ्ख्या भने जानकारी छैन यो। सङ्ख्या भने डुङ्गाको क्षमताको आधारमा गरिएको अनुमान मात्र हो। यो एक प्रकारको परम्परागतरूपमा बनाइएको काठको ढुङ्गा हो। प्रवक्ताका अनुसार उक्त दुर्घटना रात्रीको समयमा खराब मौसम वा अत्यधिक यात्रुहरूको चापका कारण भएको हुनसक्छ।

पीडितहरुमा प्रायः प्रान्तीय राजधानी बुम्बामा यात्रा गर्ने फेरीवाला र विद्यार्थीहरु रहेका छन्। प्रवक्ता मग्बाडोले उक्त घटनाको थप अध्ययन र उद्धार कार्य जारी रहेको बताएका छन्। एजेन्सी

## अफगानिस्तानबाट बाहिरिएपछि अमेरिका र तालिबानबीच पहिलो वार्ता हुने

**इस्लामाबाद**/तालिबानका वरिष्ठ अधिकारी र अमेरिकी प्रतिनिधि बीच अफगानिस्तानमा वार्ता हुँदै छ। अमेरिकी सेना फिर्ता र तालिबानीहरूले अफगानिस्तानमा कब्जा जमाएपछि हुन लागेको यो वार्ता महत्त्वपूर्ण मानिएको छ। चरमपन्थी समूहहरूलाई समात्न र देशबाट विदेशी नागरिक र अफगानिस्तानको निकासीलाई सहज बनाउने विषयमा अमेरिकी प्रतिनिधि र तालिबानी अदीकारीहरू बीच शनिबार र आइतबार वार्ता हुँदैछ।

अगस्टको अन्त्यमा अमेरिकी सेना अफगानिस्तानबाट फिर्ता भएपछि त्यहाँ २० वर्षको सैन्य उपस्थिति समाप्त भएको र अफगानिस्तानको सत्तामा तालिबानको उदय भएपछि हुन लागेको यो बैठकलाई निकै चासोपूर्वक हेरिएको छ। वार्ता कतारको राजधानी दोहामा हुने भएको छ।

दोहामा रहेका तालिबान प्रवक्ता सुहेल शाहीनले शनिबार एसोसिएटेड प्रेसलाई बताएअनुसार वार्ताले तालिबानले सन् २०२० मा वाशिङ्टनटनसँग गरेको शान्ति सम्झौताको पुनरवलोकन गर्नेछ। एजेन्सी

# दुर्घटनामा दुईको मृत्यु

**राजविराज**/सप्तरीमा छुट्टाछुट्टै भएको दुर्घटनामा परि दुई जनाको मृत्यु भएको छ।शनिबार भएको सो दुर्घटनामा परि एक महिला र एक बालकको मृत्यु भएको हो।

पूर्वपश्चिम लोकमार्ग अन्तरगत सप्तरीको खडक नगरपालिका ६ ईन्द्रचौतारी चोकमा बा.३ख. ९६९० नं. को बसले ठक्कर दिँदा पश्चिमबाट पुर्वतर्फ जादै गरेको प्र.२-०१-००१ प ०३३४ नं.को मोटरसाइकल पछाडी सवार सोही नगरपालिका ९ निवासी ३० वर्षिया गुल्लु खातुनको मृत्यु भएको प्रहरीले जनाएको छ।

ठक्करबाट घाईते भएकी खातुनलाई उपचारका लागी अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। दुर्घटनामा मोटरसाइकल चालक मृतकका पति ३२ वर्षिय मो. कुदरस र निजका ५ वर्षिय छोरा मो. समद सामान्य घाईते भएका छन्।

यस्तै स्कारपियोको ठक्करबाट घाइते भएका एक बालकको उपचार हुन नसक्दा घर फर्किने क्रममा मृत्यु भएको छ। प्रहरीका अनुसार साउन १८ गते सप्तरीको रुपनी गाउँपालिका ६ स्थित पुर्वपश्चिम राजमार्गमा ना.२च. ३७५४ नम्बरको स्कारपियोले स्थानिय तुलसी चौधरीका १० वर्षिय छोरा सुशिल चौधरीलाई ठक्कर दिएको थियो।

सो ठक्करबाट गम्भिर घाईते भएका बालक चौधरीको उपचार भइरहेको तथा सुधार नआएपछि अस्पतालका चिकित्सकले उपचार सम्भव नभएको भन्दै डिस्चार्ज गरिदिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

अस्पतालले डिस्चार्ज गरेपछि साउन २२ गते घाइते अवस्थामै घरतर्फ ल्याउने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन्।

# प्रदेश २ का १९ लाख जनताले लगाए खोप

**राजविराज**/प्रदेश २ का स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झाले प्रदेश २ मा हाल सम्म १९ लाख जनतालाई कोरोना विरुद्धको खोप लगाईसकेको जानकारी दिएका छन्।

राजविराजस्थित गजेन्द्रचोकमा आयोजित एक कार्यक्रममा उनले प्रदेशमा ४२ लाखलाई लगाउन बाँकी रहेको तथ्याङ्क प्रस्तुत गर्दै जनस्वास्थको मापदण्ड पालना गराउनका साथ साथै प्रदेशका सम्पुर्ण जनतालाई छिट्टै खोप लगाउनका लागी आफुहरु प्रयासरत रहेको बताए।

सोही कार्यक्रममा प्रदेश २ का समाजिक विकास मन्त्री नवलकिशोर साहले मंगलवारदेखी पूर्ण मास्क प्रयोग सुनिश्चिता कार्यक्रमको शुभारम्भ गर्दै सबैलाई आनिवार्य रुपमा मास्क लगाएर मात्र बाहिर निस्कन आग्रह गरेका छन्।

उनले सेवाग्राहीको बढी भिडभाड हुने मालपोत कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायतका कार्यालयमा मास्क उपलब्ध गराइने जानकारी दिए।

दशै, तिहार छठ लगायतका पर्वलाई मध्यनजर गर्दै चाड पर्वमा हुन सक्ने भिडभाडमा कोरोना संक्रमणको जोखिमलाई ध्यानमा राख्दै मंगलबारदेखी सो कार्यक्रम प्रदेश २ को ८ वटै जिल्लामा शुभारम्भ गरिएको हो।

जिल्ला स्वास्थ कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, उपप्रमुख साधना झा, कंचनरुप नगरपालिकाकी उपप्रमुख निरु पोखरेल, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, नागरिक समाजका अध्यक्ष थान सिह भन्साली लगायतले कोरोनाको जोखिम कायमै रहेकाले मास्क, सेनिटाईजरको अनिर्वाय प्रयोग र समाजिक दुरी कायम गरी चाडपर्वमा सहभागी हुन अपिल समेत गरे।

# सात किलो चाँदीका गहनासहित एक पक्राउ

**राजविराज**/प्रहरीले शुक्रबार एक यूवकलाई अवैध रुपमा ल्याएको सात किलो चाँदीका गरगहनासहित पक्राउ गरेको छ। पक्राउ पर्नेमा मोरङको रंगेली नगरपालिका ९ बस्ने २६ वर्षिय उमेश विक छन्।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भारदह चौक नजिकै शंकास्पद अवस्थामा देखिएका उनलाई इलाका प्रहरी कार्यालय भारदहको टोलीले चेकजाच गर्दा सात किलो तौलको चाँदीको गरगहना बरामद भएको थियो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार अवैध रुपमा बरामद चाँदीका गरगहनाको ६ लाख ६० हजार रुँपैया मुल्याङ्कन गरिएको छ।

बरामद गहनाहरुमा चाँदीको सादा पाउजु ८८, जेन्स ब्रासलेट २७, बच्चाको पाउजु ६२, सिक्री ७२ र बच्चाको चुडा २८ थान लगायतका गरगहना रहेको र निजलाई आवश्यक कारवाहीका लागि बरामद सामानसहित सुनसरीको इटहरीस्थित आन्तरिक राजश्व कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### लोसपाका नेता ...

राजकुमार लेखी नेकपा एमालेमा प्रवेश गरेका छन्।

थारु कल्याणकारिणी सभाका पूर्वमहामन्त्री रहेका लेखी एमाले विधान महाधिवेशन स्थलमा पुगेर पार्टी प्रवेश गरेका हुन्। सो अवसरमा लेखीसहित ५५ जना एमालेमा प्रवेश गरेका छन्।

नेपाल आदिवासी जनजाति महासंघका पूर्वअध्यक्षसमेत रहेका लेखीलाई नेकपा एमालेका महासचिव इश्वर पोखरलले टीका लगाई पार्टी प्रवेश गराएका हुन्।


## मंगलमय शुभकामना

हिन्दुहरुको महान पर्व २०७८ को वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, नगरवासी, वडावासी, शेयर सदस्य तथा सम्पूर्ण संस्थासँग आवद्ध शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं।



भुपेन्द्र प्रसाद यादव
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋृण सहकारी संस्था लि.
राजविराज ८, परिवार


## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति
बि. सं. २००३



स्व. शशिलता दत्त



स्वार्गारोहण
बि. सं. २०७८/६/१३

सामाजिक अभियन्ता, सक्रिय सञ्चारकर्मी तथा यस किवानिज क्लव अफ सप्तकोशी सप्तरीका संस्थापक उपाध्यक्ष सतिशकुमार दत्तकी ममतामयी माता **शशिलता दत्त**को स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

| भाष्कर ज्ञवाली | नवीन खतिवडा | नेत्रमणी पोखरेल (सन्तोष) | दीपेन्द्र भट्ट |
|---|---|---|---|
| अध्यक्ष | ल्यूटिनेन्ट गभर्नर | ल्यूटिनेन्ट गभर्नर | संस्थापक अध्यक्ष |
| किवानिज क्लव अफ लेटाङ | किवानिज इन्टरनेशनल डिभिजन १ | किवानिज इन्टरनेशनल डिभिजन २ | किवानिज क्लव अफ सप्तकोशी सप्तरी |


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*